म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७९ २०८१ भदौ १६ गते आइतबार 1 September 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## इन्धनको भाउ घट्यो

हेटौँडाः नेपाल आयल निगमले इन्धनको भाउ घटाएको छ। शनिबार इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार निगम सञ्चालक समितिको बैठकले शनिबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल प्रतिलिटर २ रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर १ रुपैयाँले घटाउने निर्णय गरेको हो। अब हेटौँडामा पेट्रोल लिटरको १ सय ६० रुपैयाँ ५० पैसा तथा डिजेल र मट्टितेल लिटरको उपभोक्ताले १ सय ५१ रुपैयाँ ५० पैसामा किन्न पाइने छ। यस्तै आन्तरिक हवाई इन्धनतर्फ प्रतिलिटर ५ तथा अन्तर्राष्ट्रिय हवाई इन्धनतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर ३७ ले घटाई बिक्री मूल्य कायम गरिएको समेत निगमले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। खाना पकाउने ग्यासको मूल्य हाललाई यथावत् राखिएको निगमले जनाएको छ।

# उमेर नपुग्दै किशोरावस्थामै आमा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा किशोरीहरुको आमा बन्ने क्रम बढ्दै गएको छ । बालविवाह कानुनीरुपमा दण्डनीय भए पनि बालिका वा किशोरीहरु आमा बनिरहेका हुन् ।

सानै उमेरमा विवाह गर्ने क्रमका कमी नआएका कारण पनि किशोरी आमा बन्नेको संख्या बढ्दै गएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को साउन महिनामा हेटौंडा अस्पतालमा २६ जना किशोरीहरु आमा बनेका छन्। एक महिनाको अवधिमा २० वर्षभन्दा कम उमेरका २६ जना किशोरी आमा बनेका हुन् ।


अस्पतालमा ३ सय १२ जना गर्भवतीले सेवा लिँदा २६ जना किशोरी रहेको हेटौंडा अस्पतालले जनाएको छ । एक सय ८९ जना महिलाको सामान्य अवस्थामा बच्चा निकालिएकोमा ५ जना महिलाको अवस्था जटिल रहेको थियो ।

एक सय १५ जना महिलाको शल्यक्रिया गरेर बच्चा निकाल्नुपरेको अस्पतालले जानकारी दिएको छ । अस्पतालको तथ्याङ्कअनुसार अस्पतालमा एक सय ३२ जना बालिका र एक सय ७४ जना बालकको जन्म भएको छ। एक महिनाको अवधिमा अस्पतालमा २३ जना महिलाले प्याक (गर्भपतन) गराएका थिए।

हेटौंडा अस्पतालमा मकवानपुर जिल्ला बाहिरकाले पनि प्रसुति सेवा लिन आउने गरेका छन्। अहिले २० वर्षभन्दा कम उमेरका किशोरकिशोरीहरु आमाबाबु बनिरहेका छन् । खेलेर रमाउनुपर्ने उमेरमा किशोरीहरु बच्चा जन्माई आमा बनिरहेका हुन्। किशोरीहरु आमा बनिरहँदा विभिन्न चुनौती देखिइरहेका छन् । बालविवाह यसको मुख्य कारण हो ।

सरकारले बालविवाह रोकथामका लागि पर्याप्त कानुन निर्माण गरे पनि बालविवाह अन्त्य हुन सकेको छैन। बालविवाह भइरहेकै कारण किशोरीहरु आमा बन्ने क्रमले व्यापकता पाइरहेको हो ।

मकवानपुर जिल्लाको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको साउन महिनामा ३ सय ६१ जनाभन्दा धेरै किशोरी आमा बनेका छन् । सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका किशोरी आमा



बनेका हुन् । एक महिनाको अवधिमा हेटौंडाका २ सय ८७ जना किशोरी आमा बनेको हेटौंडा अस्पतालको तथ्याङ्क छ। किशोरावस्थामा नै आमा बन्नेमा कैलाश गाउँपालिकाका ३० जना, राक्सिराङ गाउँपालिकाका १७ जना, भीमफेदी गाउँपालिकाका ११ जना र बागमती गाउँपालिकाका ९ जना छन् । यस्तै, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, मनहरी गाउँपालिकाका २ जना र थाहा नगरपालिकाका एक जना किशोरी आमा बनेका छन् ।

गत आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरका एक हजार २ सय ७२ जना किशोरी आमा बनेका थिए । जिल्लामा सबैभन्दा बढि हेटौंडा उपमहानगर पालिकाका किशोरी आमा बनेका थिए । गत वर्ष हेटौडामा २० वर्षभन्दा कम उमेरका ४ सय २१ जना किशोरी आमा बनेका थिए । यस्तै, गत आर्थिक वर्ष कैलाश गाउँपालिकाका ३ सय ११ जना, राक्सिराङ गाउँपालिकाका एक सय १२ जना, बागमती गाउँपालिकाका एक सय ३ जना र मनहरी गाउँपालिलाका ९२ जना किशोरी आमा बनेका थिए।

भीमफेदी गाउँपालिकाका ८५ जना, थाहा नगरपालिकाका ४७ जना, इन्द्रसरोवरका २८ जना किशोरी आमा बनेका थिए । मकवानपुरगढी गाउँपालिकाको यकिन तथ्याङ्क नभएको पालिकाका स्वास्थ्य प्रमुख ध्रुव लामिछानेले बताउनुभयो । पालिकाका कतिपय बासिन्दाले नागरितासमेत नबनाएका कारण तथ्याङ्क एकिन नभएको उहाँको भनाइ छ ।

केहि महिलाहरुको नागरिताअनुसार उमेर नदेखिने लामिछानेले बताउनुभयो । नागरितामा धेरैले उमेर बढाएका कारण यस विषय चुनौतीपूर्ण भएको उहाँको भनाइ छ । नागरिकता नभएकाहरुलाई जन्मदर्ता माग गर्दा जन्मदर्ता नल्याउने उहाँले बताउनुभयो। नागरिता नभएकाहरु सेवाबाट पनि वञ्चित भएका छन् । लामिछानेका अनुसार पालिकाले किशोर-किशोरीमैत्री स्वास्थ्य संघ बनाएको छ । विद्यार्थी-नर्स कार्यक्रम गरी विद्यार्थीहरुलाई शिक्षा प्रदान गरिने उहाँले बताउनुभयो ।

यसैगरी, गत आर्थिक वर्ष २०८०/०८१ मा हेटौंडा अस्पतालबाट २० वर्षभन्दा कम उमेर समूहका २ सय ४५ जना किशोरीहरु आमा बनेको हेटौंडा अस्पतालको तथ्याङ्कले देखाएको हो । गत आर्थिक वर्षको साउन महिनामा २७ जना किशोरीहरु आमा बनेका थिए। यस्तै, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना र कार्तिक महिनामा २२ जना किशोरी आमा बनेका थिए ।

हेटौंडा अस्पतालबाट प्रसुति सेवा लिनेमध्ये मंसिर महिनामा २३ र पुस महिनामा १२ जना किशोरीले शिशु जन्माएका हुन् । यस्तै, माघ महिनामा १६ जना, फागुन महिनामा १७ जना, चैत महिनामा २० जना, वैशाख महिनामा १९ जना, जेठ महिनामा १३ जना र असार महिनामा १८ जना किशोरी आमा बनेका थिए ।

किशोरी अवस्थामै आमा बनिरहँदा किशोरीहरु पढ्नबाट वञ्चित भएका छन् । किशोरीमात्र नभई किशोरहरु पनि उमेर नपुग्दै परिवारको जिम्मेवारी लिन बाध्य भएका छन् भने पूरा अध्यन नगरी वैदेशिक रोजगारीमा गएका छन् ।

२० वर्ष मुनिका गर्भवती महिलाहरू गर्भावस्थाको समयमा रक्तस्राव, विषाक्तता, लामो र कठिन श्रम, गम्भीर रक्तअल्पता, र अपाङ्गतालगायतका मृत्यु र रोगहरूको बढी जोखिममा हुन्छन् । किशोरावस्थामा बच्चा जन्माउँदा पाठेघरको समस्या हुने चिकित्सकहरुको भनाइ छ। किशोरी आमाले जन्माएको शिशुमा पनि विभिन्न समस्या देखिने भएकाले किशोरकिशोरीहरुलाई सचेत गराउन आवश्यक रहेको चिकित्सकहरुले बताएका छन् ।


## चट्याङका कारण सिन्धुलीमा एक जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुलीको मरिणमा चट्याङका कारण एक जनाको मृत्यु भएको छ। शनिबार दिउँसो १:४९ बजेको समयमा परेको चट्याङका कारण एक पुरुषको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका अनुसार चट्याङका कारण मरिण गाउँपालिका-७, बाह्रबीसेका चन्द्रबहादुर माझीको मृत्यु भएको हो । घरभन्दा एक किलोमिटर दक्षिण तर्फको चौरमा गोठालो गएको अवस्थामा ६५ वर्षका माझी चट्याङका कारण घाइते भएका थिए। उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । चट्याङका कारण घाइते भएका माझीको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा उपचारको क्रममा २:२५ बजेको समयमा मृत्यु भएको हो ।

गत सोमबार पनि सिन्धुली जिल्लाको हरिहरपुर गाउँपालिकामा चट्याङका कारण एक महिलाको मृत्यु भएको थियो । हरिहरपुरगढी गाउँपालिका-३, माडीस्थित खेतमा धान गोड्ने क्रममा चट्याङ लागेर हरिहरपुरगढी-१, शिखरकी ४० वर्षीया छलिमाया थिङको मृत्यु भएको थियो ।




## पुस्तकालय दिवसमा पुस्तकको समीक्षासहित चिट्ठी लेखन प्रतियोगिता



*चिट्ठी लेखन प्रतियोगितामा सहभागी एक विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः १७ औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा शनिबार हेटौँडा-५ स्थित पुष्पलाल स्मृति पुस्तकालयको आयोजनामा माविस्तरीय चिट्ठी लेखन प्रतियोगिता भएको छ । प्रतियोगितामा १३ वटा विद्यालयका २५ जना विद्यार्थी सहभागी भएका छन् ।

पछिल्लो पटक आफूले अध्ययन गरेको पुस्तकको समीक्षा गर्दै मिल्ने साथीलाई चिट्ठी लेखन प्रतियोगिता आयोजना गरिएको हो । पुष्पलाल स्मृति पुस्तकालय साहित्य संगम मकवानपुरले व्यवस्थापन गर्दै आएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना हुने विद्यार्थीलाई पुरस्कृत गरिने साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनालले जानकारी दिनुभएको छ ।

चिट्ठी लेखन प्रतियोगितामा सहभागीका चिट्ठी मूल्यांकन गरी एक साताभित्र नतीजा सार्वजनिक गरिने र अर्को महिनाको नियमित साहित्य सन्ध्यामा पुरस्तकृत गरिने साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनालले जानकारी दिनुभएको छ। १७ औं राष्ट्रिय पुस्तकालय दिवस "निरन्तर शिक्षाका लागि पुस्तकालय" भन्ने नाराका साथ मनाइएको छ । नेपाल सरकारले हरेक वर्ष भदौ १५ गते राष्ट्रिय पुस्तकालय दिवस मनाउने गरेको छ ।

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुती...



छिट्टै सञ्चालनमा आउँदै ।

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौँडा-काठमाडौं-हेटौँडा | हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

हाम्रो सुवो सेवा

हेटौँडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)

९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०




ERKE

Erke brand authorized showroom

D next dress up

हेटौँडा-१०, राप्तीरोड

राजक शाही

मोबाइल नम्बर ९८५५०७०१५६

# सम्पादकीय

## शिक्षाका लागि पुस्तकालय

विभिन्न कार्यक्रमसहित शनिबार (भदौ १५ गते) १७ औं राष्ट्रिय पुस्तकालय दिवस मनाइएको छ । पुस्तकालयका क्षेत्रमा भएका गतिविधि एवम् आवश्यकताका बारेमा जानकारी गराउने उद्देश्यका साथ नेपालमा २०६५ सालको भदौ १५ गतेबाट पुस्तकालय दिवस मनाउन थालिएको हो । नेपालमा पुस्तकालयको सुरुवात भने करिब डेढ शताब्दी पहिलेबाट भएको मानिए पनि १६ वर्ष अघिबाट पुस्तकालय दिवस मनाउन सुरु गरिएको हो । राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा विसं १८६९ भदौ १५ गते पुस्तकालय बनाउनेसम्बन्धी कानुनमा लालमोहर लगाएको स्मृतिमा सरकारले भदौ १५ गतेलाई पुस्तकालय दिवसका रुपमा मनाउने निर्णय गरेको थियो । पुस्तकालयको विकास र यसको उपयोगलाई प्रोत्साहन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अगुवाईमा राष्ट्रिय पुस्तकालय दिवस मनाउने गरिएको छ । यस वर्षको पुस्तकालय दिवसको नारा "निरन्तर शिक्षाका लागि पुस्तकालय" रहेको छ ।

किताब अर्थात् पुस्तक, पुस्तिका, अखबार, पत्रिका, नक्सा, चार्ट, फिल्म आदि सामग्री व्यवस्थितरुपमा उपलब्ध गराई जीवनभर नियमित शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रलाई पुस्तकालय भनिन्छ । संस्कृत भाषाको "पुस्तक र आलय" दुई शब्द मिलेर पुस्तकालय बनेको हो, जसको अर्थ पुस्तकहरु राखिएको घर भन्ने बुझिन्छ । दुई सय वर्षभन्दा अघि तत्कालीन राजा गीवार्णयुद्धले हनुमानढोकामा "पुस्तक चिताइ तहबिल" बनाएर पुस्तकालयको सुरुवात गरेका थिए । उक्त पुस्तकालयमा रहेका पुस्तक विसं १९१० सालमा दरबार हाइस्कूलमा, १९५७ मा वीर पुस्तकालयमा र २०२४ सालमा पुरातत्व विभागअन्तर्गतको अभिलेखालयमा राखिएको थियो । महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत केही बुद्धिजीवीले प्रधानमन्त्री भीम शम्शेरका पालामा सर्वसाधारणलाई जनचेतना जगाउनका लागि पुस्तकालय स्थापना गर्दा विसं १९८७ मा "लाइब्रेरी पर्व" भएको थियो । उनीहरुले पुस्तकालय स्थापना गरेवापत तत्कालीन सरकारले जनही सय-सय रुपैयाँ जरिवानासमेत गराएको थियो । अहिले प्राय: सबै विद्यालय तथा क्याम्पसले पुस्तकालय सञ्चालन गरिरहेका छन् ।

शिक्षा मन्त्रालयको २०७८/०७९ को सर्वेक्षणले देशभर नौ सय २८ वटा सामुदायिक तथा सार्वजनिक पुस्तकालय रहेको देखाएको थियो । तीमध्ये हाल करिब दुई सय वटा पुस्तकालयमात्र राम्रोसँग चलेको नेपाल सामुदायिक पुस्तकालय संघको अनुमान छ । सरकारले विगतमा "एक गाउँ एक पुस्तकालय" र "एक विद्यालय एक पुस्तकालय"को नीति अघि सारे प्रभावकारी कार्यान्वयनमा आउन सकेको छैन । कम्तिमा प्रत्येक स्थानीय तहमा एउटा सुविधासम्पन्न पुस्तकालय स्थापना र सञ्चालनको प्रबन्ध सरकारले गर्ने हो भने पनि पुस्तकालय विकासमा निकै टेवा पुग्न सक्छ । एउटा आकर्षक नारासहित प्रत्येक बर्ष पुस्तकालय दिवस मनाएरमात्र पुस्तकालयको विकास र विस्तार हुन सक्दैन । पुस्तकालय दिवसका अवसरमा सरकारी एवम् गैरसरकारी स्तरबाट गरिने विभिन्न औपचारिक कार्यक्रमले पुस्तकालयसम्बन्ध सचेतना वृद्धि गर्न सहयोग पुग्नसक्ने भए पनि त्यसले पुस्तकालयको विकास र विस्तारमा कुनै टेवा पुग्न सकेको पाइँदैन ।

सूचना तथा सञ्चार प्रविधिको बढ्दो पहुँच र प्रयोगका कारण पुस्तकालयमा गएर अध्ययन गर्ने पाठकको संख्या घट्दो छ । निरन्तर शिक्षा र पठनपाठन संस्कृतिको विकासका लागि पुस्तकालय स्थापना र यसको प्रयोग महत्वत्वपूर्ण हुन्छ । शिक्षाले मानिसलाई ज्ञान दिन्छ । सभ्य समाज निर्माणका लागि शिक्षाको आवश्यकता पर्छ । शिक्षाका लागि पुस्तकालय आवश्यक हुन्छ । सूचना प्रविधि तथा सामाजिक सञ्चालबाट प्रारम्भिक र सतही ज्ञान पाइने भए पनि गहन र विस्तृत ज्ञानका लागि पुस्तकको अध्ययन आवश्यक छ, जसका लागि पुस्तकालय निकै उपयोगी हुन सक्छ । पुस्तकालय दिवस मनाइरहँदा पुस्तकालयको विकास, विस्तारसँगै उपयोगबाट निरन्तर शिक्षाका लागि पुस्तकालय भन्ने नारालाई सार्थक बनाउन सक्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
**वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
**मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
**कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
**सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
**कन्या** : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
**तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
**वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
**धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
**मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
**कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
**मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# कांग्रेस भर्सेस कांग्रेस....



**बिशभ अधिकारी**

नेपाली काँग्रेस मकवानपुर तुलानात्मक रुपमा बलियो राजनीतिक शक्ति हो भन्दा हुन्छ । मकवानपुर काँग्रेस वर्तमान अवस्थामा संगठनात्मक रुपले बलियो शक्ति भए तापनि पार्टी भित्रको गुटगत राजनीतिले काँग्रेसको शक्ति क्षयीकरण भएको सबैले अनूभूति गरेका छन् । मकवानपुरमा कुनैबेला काँग्रेसलाई जिस्काएर 'कमजोर काँग्रेस भित्र बलियो झगडा छ' भनेर कटाक्ष गरिन्थ्यो । गिरिजाप्रसाद कै पालामा गुटगत राजनीति झन मौलाएको थियो । तात्कालिन अवस्थामा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाका तीनथरि धार थियो । मकवानपुरमै तात्कालिन पार्टी सभापति भैसकेको विश्वराज उप्रेति नै स्वतन्त्र चुनाव लडेका थिए । 'रुख होईन मुख हेरेर भोट हाल' भन्ने नारा प्रचलित थियो त्यसबेला । काँग्रेसका नेता लौहपुरुष गणेशमान सिंहले नै विद्रोह गरेका थिए । त्यो कालखण्ड पार गरेर काँग्रेस नयाँ राजनीतिक चरणमा प्रवेश गऱ्यो ।

सुशील, रामचन्द्रलाई पछि पारेर शेरबहादुरले पार्टीको नेतृत्व मात्र गरेनन् पाँच पटक प्रधानमन्त्री भए । मुलुकमा गणतन्त्र आयो । माओवादी हिंसात्मक बाटो त्याग गरी शान्ति प्रक्रिया हुँदै आजको अवस्थासम्म आईपुग्यो । समयक्रमसँगै कांग्रेस मकवानपुरमा पनि धेरै बदलाव आयो । राप्तीमा धेरै पानि बग्यो, काँग्रेसमा पात्रहरु फेरिंदै गए, नयाँ पात्रहरुको उदय भयो । शेरबहादुरकै कित्तामा रहेका यहाँका नेताद्वय महालक्ष्मी उपाध्याय 'डीना' र ईन्द्र बहादुर बानियाँ दुई गुटमा ध्रुवीकृत हुन पुगे । आज यि दुवै नेता एकले अर्कोलाई सिध्याउने खेलमा उद्दत देखिएका छन् । यि पात्रको जुँगाको लडाईले कांग्रेसलाई ठूलो नोक्सानी व्यहोर्नु परेको छ । आज एउटा काँग्रेस आफ्नै नेतालाई हराएर दंग परेर हिँडेको छ, मानौं उसले ठुलै युद्ध जितेको होस् । यो दुर्भाग्यपूर्ण अवस्था किन आयो स्पष्ट छ अंहकार दम्भ ।

मकवानपुरको राजनीतिक परिदृश्यमा एमाले बलियो शक्ति हो भने कुनैबेला राप्रपा दोश्रो बलियो शक्तिको रुपमा रहेको थियो । राप्रपा भित्रको उतारचढावले यो पार्टी विस्तारै गुट फुटको राजनीतिले क्रमश: विभाजित देखिन थाल्यो ठिक त्यहीबेला तात्कालिन काँग्रेस सभापति रघुरमण न्यौपानेले राप्रपाका धेरै नेता आनन्द कठायत, भिम बहादुर, सूर्यबहादुर र अन्य थुप्रै बहादुरहरुलाई काँग्रेस भित्र ल्याउने काम गरेपछि ईन्द्रबहादुर बानियाँ सांसद हुँदै गृहराज्य मन्त्री, पर्यटन राज्यमन्त्री भएपछि काँग्रेसको लोकप्रियता बढ्यो र ईन्द्रबहादुर बानियाँ स्थापित नेता बने । प्रकारान्तरले यो पार्टी एमालेलाई टक्कर दिने पार्टी बन्यो । केन्द्रमा जति वटा गुट भए तापनि मकवानपुरमा शेर बहादुर प्यानल नै बलियो देखिन्छ । ईन्द्र, आनन्द परराजूली र केन्द्रिय नेता डीना सबै एउटै कित्ता शेरबहादुर लविका हुन् ।


२०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा काँग्रेसबाट मेयर उम्मेदवार आनन्द पराजुली झिनो मतले पराजित भए । त्यसपछिको आन्तरिक जोड घटाउले ईन्द्रबहादुर बानिया र आनन्द पराजुली बीचको तिक्तता बढ्न थाल्यो । पार्टीको जिल्ला अधिवेशनमा तल्लो तहबाटै कसलाई ल्याउने कसलाई हराउने तीव्र प्रतिस्पर्धा देखियो । नेता, कार्यकर्ताको वुथमै राजनीति सिध्याउने खेलको योजना बन्यो । काँग्रेसका सभापति भैसकेको पुराना लोकप्रिय नेता रामचन्द्र माईकल नै वुथबाट झिनो मतले जिते । आनन्द र ईन्द्रको बीचमा पदीय भागवण्डामा बिमति देखियो । ईन्द्र आनन्दलाई मेयरको उम्मेदवार र पार्टीको उपाध्यक्ष बनाउन चाहन्थे । यिनी पार्टी अध्यक्ष पुराना नेता विष्णु लामिछानेलाई बनाउन चाहन्थे । तर आनन्दले पार्टी सभापति नै उठ्ने जोड गरेपछि ईन्द्रले बुद्ध लामालाई उठाए । ५१ प्रतिशत मत ल्याउनु पर्ने काँग्रेसमा अर्का उम्मेदवार जयराम लामिछाने समेत उम्मेदवार भए । पहिलो चरणमा परिणाम नआएपछि दोश्रो चरणमा बुद्धले बाजी मारे । त्यसपछी कांग्रेस भित्रको तिक्तता झन प्रवल भएर आयो ।

डिना र ईन्द्र बीच स्पष्ट ध्रुवीकरण प्रारम्भ भयो । गएको स्थानीय निर्वाचनमा माओवादी, समाजवादी र काँग्रेसको गठबन्धनमा काँग्रेसले पाउनु पर्ने टिकट समाजवादीलाई दिएर आनन्द पराजुलीलाई चैट बनाईयो । गठबन्धनको कारण समाजवादीको उम्मेदवारले चुनाव त जित्यो तर बडो मुस्किलले त्यो जित हासिल भयो किनभने कांग्रेस भित्रको एउटा तप्काको असहयोग रहेको थियो । प्रदेश र संघीय चुनावसम्म आईपुग्दा काँग्रेस भित्रको लडाई मुखर भएर प्रकट भयो । टिकटका लागि फेरि लबिङ शुरू भयो । प्रदेशमा आनन्दलाई केन्द्रीय सहमहामन्त्री डिनाको सहयोग समर्थन रह्यो भने पार्टी सभापति बुद्ध लामालाई प्रदेश अध्यक्ष ईन्द्रबहादुर बानियाको समर्थन रह्यो ।

सांसदको उम्मेदवार समेत रहेकी डिनाले आनन्द पराजुलीको उम्मेदवारी आफ्नो प्रतिष्ठाको विषय बनाईन् । आफैं केन्द्रिय निर्वाचनमा रहेको र शेरबहादुर सँग निकट सम्बन्ध रहेकोले आनन्द पराजुलीले टिकट नपाए आफूपनि उम्मेदवार नहुने अडान लिएपछि टिकट आनन्दको पक्षमा आयो । दुबै शक्तिले फायर खोलिसकेको पृष्ठभूमि प्रदेश र संघीय संसदको निर्वाचन रोचक नहुने कुरै भएन । लडाई काँग्रेस भर्सेस काँग्रेस हुने नै भयो । थुप्रै अपवित्र साँठगाँठ बन्यो । पैसाको खोला बग्यो, स्थानीय तहको निर्वाचनमा १६ हजार मतले अगाडि रहेको क्षेत्रमा डिना उपाध्याय र प्रदेशमा आनन्द पराजुली पराजित हुन पुगे । ओपन सेक्रेट नै छ, स्पष्ट काँग्रेसले काँग्रेसलाई नराम्ररी पराजित बनायो । काँग्रेसले आफ्नै आङ कनाएर छारो उडाउने काम गऱ्यो । यसले झन् सम्बन्धमा फाटो र तिक्त हुन पुग्यो । फलत: काँग्रेसको बागमति प्रदेश संसदीय दलमा बहादुर सिंह लामालाई जिताएर एकथरिले खुच्चिङ गर्ने काम गरे । तर यो परिणामले मकवानपुरलाई फाईदा भएन । जसरी डोरमणि पौडेल मुख्यमन्त्री भएकै कारण हेटौंडा राजधानी भयो, ईन्द्रबहादुर बानियाँ हुँदा मकवानपुरलाई नोक्सान हुँदैन थियो । हाम्रै जिल्लावासी भन्न पाइन्थ्यो ।

सबै मिल्न सकेको भए, सबै एकताबद्ध भएर अघि बढेको भए आज मकवानपुर काँग्रेसमय हुने थियो । केन्द्रीय मन्त्री, मुख्यमन्त्री, प्रदेशमन्त्री र मेयर सम्भवत: सबै काँग्रेसकै प्रतिनिधि हुन सक्थ्यो । दूर्भाग्य त्यो हुन सकेन । अहिले २०८४ को निर्वाचनको खुब चर्चा हुन्छ । यहि ताल रहे मकवानपुर काँग्रेसलाई २०८४ न २०८५ । तसर्थ काँग्रेसले यो हारबाट सिक्न जरुरी छ । गुटगत राजनीति त्यागौं सबैलाई मिलाएर लिएर जान काँग्रेसका अग्रज नेता रामचन्द्र माईकल, रघुरमण, उमा दाहालहरुले अभिभावकत्वको भूमिका निर्वाह गर्न सक्नुपर्छ भने, तरुणहरुले पार्टी भित्र सशक्त हस्तक्षेप गर्न जरुरी छ । सधैंभरि अन्तरघात र अर्को उम्मेदवारलाई जिताएर हाँसोको विषय बन्नु, बनाउनु अशोभनीय कदम हो । तसर्थ काँग्रेस सच्चिनु जरूरी छ । कार्यकर्ताले चाहे नेता लाईनमा आउँछन् नै, कार्यकर्ताहरुले बैलैमा सोचौं । आगे जो विचार... ।

# जनता जागिरहेछन्



**प्रा.डा. हरि शर्मा**



सम्पूर्ण सामाजिक सञ्जाल र सडकमा उत्रेका देशभक्त युवाहरूको भनाइ सुन्दा देशले अहिले मात्र दुई कुराको चाहना राखेको बुझिन्छ, भ्रष्टाचारको उन्मूलन (सुशासन) र भ्रष्टाचारीहरूलाई अविलम्ब कारबाही । सरकारले अन्य धेरै कुरालाई गौण बनाएर मात्र यी दुई कुरामा केन्द्रित रही आफ्नो शासनशैलीमा परिवर्तन ल्याउन चाहेको खण्डमा मात्र मण्डला, बानेश्वर, टुँडिखेल र बालुवाटारलगायत देशका विभिन्न भागमा चट्याङझैँ गर्जिरहेका भावी राष्ट्रनिर्माताहरूको असन्तुष्टिले साम्य हुने अवसर पाउँछ । गत साता विभिन्न ठाउँमा देखिएको युवाहरूको आक्रोश कुनै राजनीतिक प्रतिशोधको उपज होइन । त्यो दावानलझैँ स्वत:स्फूर्त रूपमा सल्किरहेछ र दन्किरहेछ । हुँदाहुँदै प्रकृतिले पनि अनेक प्रकारका विध्वंसकारी संकेत हाम्रा सामु ल्याइरहेको छ ।

विश्वविद्यालयहरू सचेत युवाहरूको ज्ञानको खेती गर्ने स्थल हो । त्यहाँ राजनीतिको छाया देखिँदैमा शिक्षामन्त्रीहरुले तर्सनुपर्ने होइन, गृहमन्त्रीहरूले लुक्नुपर्ने होइन, प्रधानमन्त्रीहरुले कुनै चासोको विषय नभएको भनेर पन्छिने होइन । अस्ति भर्खरै त्रिविमा जेजस्ता घटना भए त्यस्ता घटना बिएचयू र जेएनयूमा भइराखेका हुन्छन्, तर ती घटना बिस्तारै आफैं साम्य हुँदै जान्छन् । त्यहाँ संलग्न सबैको मर्यादित र अनुशासित व्यवहार पनि शिक्षाको श्रृंखलाको एउटा पाटो हो । तर, दुर्भाग्य ! हाम्रो शैक्षिक प्रशासनलाई पनि सत्ताधारीहरुले आफैं दलीय भागबन्डाको कित्तामा उभिएर आफ्नो दलीय अभीष्ट पूरा गर्न राजनीतिक पूर्वाग्राहीहरूलाई मात्र विश्वविद्यालयको प्रशासकीय पदहरूमा नियुक्त गर्छ । राजनीतिक आडमा आज संसारलाई चाहिएको शिक्षा पद्धति मौलाउन नसक्ने सत्यलाई किन आत्मसात् गर्दैन हाम्रो सामाजिक र राजनीतिक व्यवस्थाले ? केदार माथेमा, विद्यानाथ कोइराला र मनप्रसाद वाग्लेहरूले बोलेका, लेखेका कुरालाई कुन शिक्षामन्त्री अथवा सरकारले सुन्यो ? सुमनाहरूले त काम गर्न पनि पाएनन् ।

साथीहरु भन्छन्, मुलुक आम्दानी नभएर गरिब भएको होइन, नेता, कार्यकर्ता पाल्दा गरिब भएको हो । यो सत्य हो । युटोपियन सोचको स्थायी धरातल हुँदैन । लोकतन्त्रमा विविधता हुन्छ, त्यही विविधतामा एकतालाई उजागर गर्न सक्नु लोकतन्त्रको आवश्यकता हो । लोकतन्त्र भनेको वैचारिक र सैद्धान्तिक प्रयोगशाला पनि हो । सरकार बनाएर बसेकाहरू (को, कस्ता, कस्तो पृष्ठभूमिबाट उत्पत्ति भएका भन्ने कुरा यहाँ उल्लेख गरिरहनुपर्ने विषय नभएको) को एउटै भनाइ बारम्बार सुनिन्छ, देशमा शासनको स्थिरताका लागि हाम्रो समीकरण भएको हो । निर्धाले सधैं तिरस्कृत हुनुपर्ने व्यवस्थाको नाम प्रजातान्त्रिक लोकतन्त्रको व्यवस्था मान्न सकिँदैन ।

संविधानको त्रुटिपूर्ण व्याख्या गरेर, आमजनतालाई सुख र समृद्धिको भ्रमको जालोमा फसाएर दुई ध्रुवहरूले आफ्नो निकटता बढाएर देशमै शक्तिशालीहरूले गर्ने दुष्क्रिया घट्नेवाला छैन, हाम्रो सन्दर्भमा सुशासन भन्ने त डलर खेतीका लागि जन्माइएको शब्द हो । सुशासन र अनुशासन त नङ-छाला हुन् । यिनलाई छुट्ट्याएर, देशलाई दुखाएर, युवालाई चुप बस्न बाध्य बनाएर तिनका सपनालाई खाडी, मलेसिया, रोमानिया, इजराइलजस्ता मुलुकहरूमा घरेलु कामदार, भेडा र उँट चराउने गोठालो र ट्वाइलेट सफा गर्ने जस्ता निम्नकोटीको काम गर्न पठाएर, देशलाई युवा शक्तिविहीन बनाएर सरकारले स्थायित्व पाउला भन्ने आस र विश्वास के अझै पनि नेतृत्वको भेजामा बसिराखेको छ ?

हामी पढ्छौं, सुन्छौं, एकै वर्षमा मुलुकको सञ्चिति ५ खर्ब बढेको, गत चार महिनामै झन्डै ९ अर्बको वैदेशिक लगानी भित्र्याइएको छ, जथाभावीको आयात निर्यात घटेको छ, जनताले सरकारलाई बुझाउनुपर्ने कर बुझाएको बुझायै छन्, देशभित्र सवारी साधन भित्रिएका भित्रियै छन्, नाकाका भन्सारबाट लक्ष्यभन्दा पनि बढी भन्सार महसुल उठेका उठ्यै छन् । तैपनि सरकारले काम गर्न नसक्नुको कारण आर्थिक अभाव भनेर देखाउँछ । मन्त्रीहरूलाई भइरहेको क्वार्टर बाट स्थानातरण गरी नयाँ र अत्याधुनिक बंगलाहरूमा सार्छ । अत्यावश्यक पूर्वाधार र सडकको स्तरोन्नतितर्फ उसको ध्यान जान्न । मात्र अन्तर्राष्ट्रिय अनुदान र उसले दिने नगद सहयोगका भरमा सरकार चलाएको नाटक गर्छ ।

तस्कर र भ्रष्टाचारका विरुद्ध बोल्छ र स्वयं त्यसमा लडीबुडी खेलिरहन्छ । सारा संसारले भ्रष्ट नेता भनेर भ्रष्ट देश भनेर बोलिसक्दा पनि देशका समस्त 'थिंक ट्यांक' हरूले सचेत पार्दापार्दै पनि गजराज बनेर आफ्नै चतुरे विचारको अहम् बोकेर शासन बागडोर चलाउँछ वा चलाउन खोज्छ ।

देशको आर्थिक मेरुदण्डलाई तहसनहस पारेर आर्थिक उन्नतिका गीत रचेर बस्ने भेजाहरूलाई नीति निर्माता बनाउने जनता पनि दोषी छन् । स्वार्थ सिद्धिका लागि कुनै पनि अनुशासनले उसलाई रोक्दैन । र, तर खाएको बिरालोझैं ऊ पनि अरिंगाल बनेर मूलधारमा रमाउन थाल्छ । आम देशवासी आफ्ना सम्पूर्ण आधारभूत आवश्यकताहरुबाट वञ्चित भएर बस्नुपर्दा पनि खडेरी छ छातीमा झरी तिमी हौ गाउँदै महिनौँसम्म निदाउने राज्यका कुम्भकर्णहरुको निद कहिले खुल्ने हो ? वर्षौंवर्ष अध्ययन गरेर लोकसेवामा नाम निकालेर सरकारी जागिरमा वर्षौंसम्म संलग्न रहेर पनि आफ्नो र परिवारको जीवनयापनलाई किन ऊ सधैं संकटग्रस्त बनाएर राख्छ ? उसलाई पनि त बाँच्नु छ ।

...बाँकी पृष्ठ ३ मा

## जिल्ला लिग फुटबल

# शनिबारका तीन खेल बराबरी, गोर्खा ब्वाइज विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न चार खेलमध्ये तीन खेलमा बराबरी भएको छ भने एउटा खेलमा गोर्खा ब्वाइज विजयी भएको छ।

परेली युवा क्लब र विजय युथ क्लबबीचको खेल १-१ गोलको बराबरी भएको छ । शनिबार हेटौंडा-६ स्थित गौरीटार रंगशालमा भएको विजय युथ र परेलीबीचको खेल १-१ गोलको बराबरीमा रोकिएको हो। परेलीको तर्फबाट प्रविन गोलेले एक गोल गरेका थिए । उनले खेलको ९३ औं मिनेटमा गोल गरे। विजय युथबाट विनिश अमात्यले एक गोल गरे । गौरीटार रंगशालामा भएको दोस्रो खेलमा एफसी इन्टरनेट सिटीलाई ३-१ गोलले हराउँदै गोर्खा ब्वाइज विजयी भएको छ । गोर्खा ब्वाइजबाट अनिल घलान, प्रताप ठोकर र रिहान लामाले समान एक-एक गोल गरे। यता एफसी इन्टरनेट सिटीबाट श्रीजन लामाले मात्र एक गोल गरे।

हेटौंडा-११ स्थित सिमलटार मैदानमा सक्षम युवा क्लब र हेटौंडा भेट्रान्स क्लबबीचको खेल वर्षाको कारणले स्थगित भएको छ। दुबै टिमको खेल गोलरहित बराबरीमा स्थगित भएको हो । आरआर एफसी र एफसी इन्टरनेटबीचको खेल पनि १-१ गोलको बराबरीमा रोकिएको छ । सिमलटार मैदानमा भएको खेलमा आरआर एफसीबाट सुदीप सापकोटा र एफसी इन्टरनेटबाट सलोन वाइबाले समान एक-एक गोल गरेको थिए। म्यान अफ द म्याच विजय युथका सरोज राई, एफसी इन्टरनेटका अभिनाष भोम्जन र गोर्खा ब्वाइजका अनिल घलान घोषित भएका छन्।

४ वर्षको अन्तरालमा सञ्चालन भएको जिल्ला लिगको प्रत्येक समूहको वरियताक्रमको आधारमा क्लबलाई ए, बी र सी डिभिजनमा छुट्याइने बताइएको छ । कोरोनाको कारण सञ्चालन हुन नसकेको लिग प्रतियोगिता यस वर्षबाट सञ्चालन गरेर यसलाई निरन्तरता दिन लागेको जनाइएको छ।

जिल्ला लिग फुटबल प्रतियोगिताको उपाधि विजेता टिमले असोज बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा सहभागी हुन पाउनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र र उपविजेता टिमले पचास हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब १२ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ।

# हेटौँडामा एम्नेष्टिको दवावमूलक र्‍याली

समाज संवाददाता

हेटौंडाः बलपूर्वक बेपत्ता पारिएका पीडितहरुको अन्तर्राष्ट्रिय दिवस (अगष्ट ३०) को अवसरमा एम्नेष्टी ईन्टरनेशनल नेपाल समूह ६७ र फरेस्ट्री युवा नेटवर्कले शनिबार हेटौँडामा दवावमूलक र्‍याली निकालेको छ। हेटौंडा-१० बाईपास चोकबाट शुरु भएको र्‍याली बुद्धचोक परिक्रमा गरी कोणसभामा परिणत भएको थियो।

एम्नेष्टि ईन्टरनेशनल समूह ६७ हेटौंडाका निवर्तमान संयोजक एवम् सल्लाहकार हेमन्त ढुंगेलले कार्यक्रमको औचित्य माथि प्रकाश पार्नुभएको थियो। संस्थाले हेटौंडामा २२ वर्ष अगाडि एम्नेष्टिको समूह-६७ स्थापना गरी सबैखाले गैरन्यायिक गतिविधि विरुद्ध आवाज उठाउँदै आएको निवर्तमान संयोजक ढुंगेलले बताउनुभयो । समूहका संयोजक प्रकाश ढकालको सभाध्यक्षतामा भएको कार्यक्रममा फरेस्ट्री युवा नेटवर्ककी संयोजक साधना पौडेलको पनि उपस्थिति रहेको थियो।

विश्वभर १० लाख भन्दा बढी सदस्य र समर्थक रहेको एम्नेष्टी इन्टरनेशनल मानव अधिकार केन्द्रित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यसले मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मानव अधिकारका घोषणाहरु निहित सबै मानव अधिकारहरू प्रत्येक व्यक्तिले प्राप्त गर्ने अभियान चलाउँदै आएको छ।

## जोन स्मृति फुटबल

# सेमिफाइनल खेल वर्षाले प्रभावित

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगिताको सेमिफाइनल चरणको दुई खेल वर्षाको कारण प्रभावित भएको छ। शनिबार हुने भनिएको सेमिफाइनल चरणको खेल वर्षाको कारणले प्रभावित भएको हो।

गाउँपालिकाको वडा नम्बर ६ स्थित जोगिताल खेल मैदानमा पहिलो सेमिफाइनल खेलमा फाइनल प्रवेशका लागि सयपत्री ‘बी’ र रमनटार एफसीबीच प्रतिस्पर्धा भएको थियो । पहिलो हाफसम्मको खेल चलिहरँदा भारी वर्षाको कारणले चौरमा समस्या आएर खेललाई बीचमा स्थगित गर्नुपरेको आयोजक सयपत्री क्लबले जनाएको छ । अब सेमिफाइनल चरणको दुबै खेल आज आइतबार हुने बताइएको छ। सेमिफाइनल खेल सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल प्रतिस्पर्धीको टुंगो लाग्नेछ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, विधागत खेलाडीहरु उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, हाइ स्कोरर, उत्कृष्ट फरवार्डलगायतका खलाडीहरुले २ हजार रुपैयाँ नगद राशिसहित ट्रफी प्राप्त गर्नेछन्।

# सापकोटाको लन्डन अनप्लग्डको विमर्श

समाज संवाददाता

हेटौंडाः लेखक गोपी सापकोटाको लन्डन अनप्लग्डको विमर्श भएको छ। शनिबार सिस्नुपानी र साहित्य संगम मकवानपुरको संयुक्त सभाहलमा लेखक सापकोटाको लन्डन अनप्लग्डको विमर्श तथा पाठक अन्तरक्रिया कार्यक्रम भएको हो।

काठमाडौंको कलम प्रकाशनबाट प्रकाशन भएको सिर्जनात्मक आख्यानको विमर्श कार्यक्रमको आयोजना हेटौंडा-४ भैरवरोडस्थित किताब घरले गरेको हो। आख्यानमा आशीष दुलालले पाठकीय टिप्पणी गर्नुभएको थियो भने नेपाल प्रज्ञा प्रतिष्ठान काब्य विभागकी प्रमुख शान्तिप्रिय बन्दनाले समीक्षात्मक टिप्पणी गर्नुभएको थियो।

२३ वटा शीर्षक समावेश गरेर २६८ पेजमा सिर्जनात्मक आख्यानलाई रचना गरिएको छ। आख्यानमा मृत्यु हुनुपूर्वको वृद्धहरुको कथालाई समेटेको बताउनुहुँदै दुलालले समलैङ्गिक सम्बन्धको चेतलाई बुझाउन खोजेको बताउनुभयो । आख्यानलाई फरक-फरक दृष्टिकोणले नियाल्न सकिने उहाँले बताउनुभयो।

समीक्षक बन्दनाले देशमा हुँदासम्म आफ्नो पहिचानलाई बढाएको र विदेशमा पहिचान बनाउन गरेको प्रयासलाई समेटिएको बताउनुभयो। कृतिमा एकल महिला बनेर बसेको कुरालाई समेट्ने प्रयास गरिएको र सबैले बुझ्ने तरिकाले सरल शब्दको प्रयोग गरेको उहाँको भनाइ छ। कलाले विचारलाई जितेको कारणले आत्मपरक आख्यान बन्न नसकेको उहाँको धारणा छ।

कार्यक्रमलाई सहजीकरण किताब घरका सञ्चालक छवि अनित्यले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न साहित्य क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

# ११३ जनाको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिका-५, कर्मचुलीस्थित कृष्ण मन्दिर परिसरमा आयोजना गरिउको निःशुल्क स्वास्थ्य शिविरमा एक सय १३ जनाको स्वास्थ्य परीक्षण गराएका छन्। शनिबार श्रीकृष्ण प्रणामी युवा परिषद् कर्मचुलीको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर भएको हो।

हेटौंडा उपमहानगरपालिका-६ स्थित श्री सिद्धस्थली रुरल कम्युनिटी अस्पताल र श्रीकृष्ण प्रणामी युवा परिषद् मूलमिलावा धामको समन्वयमा रहेको युवा परिषद् मूलमिलावा धामका कोषाध्यक्ष मोहन खतिवडाले जानकारी दिनुभयो। शिविरमा वरिष्ट चिकित्सकको परामर्शसहित निःशुल्क मधुमेह र दाँतसम्बन्धी स्वास्थ्य प्रदान गरिएको थियो। खतिवडाका अनुसार शिविरमा धेरै जनाले सामान्य जाँच गराएका थिए। निःशुल्क स्वास्थ्य शिविरमा डा. विष्णु श्रेष्ठले एक सय १३ जना सेवाग्राहीको स्वास्थ्य जाँच गर्नुभएको थियो।

परिषद्ले शिविरमा निःशुल्क औषधीसमेत वितरण गरेको खतिवडाले बताउनुभयो। परिषद्ले शिविरमा २ सय जनाको हाराहारीमा स्वास्थ्य जाँच गर्ने लक्ष्य राखेको थियो। परिषद्ले पहिलैदेखि स्वास्थ्य शिविरको आयोजना गर्दै आएको छ। श्री कृष्ण प्रणामी युवा परिषद् नेपाल केन्द्रीय सदस्य इश्वर खतिवडा प्रमुख आतिथ्यमा भएको कार्यक्रममा श्री कृष्ण प्रणामी युवा परिषद नेपाल कर्मचूलीका अध्यक्ष शिव बोलखेको सभाअध्यक्षता रहेको थियो । यसैगरी कार्यक्रममा सिद्धस्थली अस्पतालकी संचालक गोमा गौतमको उपस्थिति रहेको थियो।

## हेटौँडामा तेस्रो साइकलजात्रा सम्पन्न

# २५० भन्दा बढी सहभागी



समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाको आयोजना तथा मकवानपुर जिल्ला साइक्लिङ संघको सहकार्यमा हेटौंडामा तेस्रो साइकल जात्राको आयोजना गरिएको छ । शनिबार “स्वास्थ्यका लागि साइकल” भन्ने नारालाई सार्थक बनाएर साइकल जात्राको आयोजना गरिएको हो । जात्रामा मकवानपुर र बारा जिल्लाका करिब २ सय ५० जना सहभागी भएको मकवानपुर जिल्ला साइक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठले जानकारी दिनुभएको छ।

हेटौंडा-४, हुप्रचौरबाट सुरु भएको साइकल जात्राले ३७ दशमलव ५ किलोमिटरको यात्रा पूरा गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। हुप्रचौरबाट कपुर कम्पलेक्स हुँदै, बुद्धचोक, चौकीटोल, जलेश्वर मन्दिर, वनस्खण्डी, सानोपोखरा, चुच्चेखोला, चिसापानी हटिया, कमाने, एचआइडी, वनस्पती, पदमपोखरी, कुसमाण्ड सरोवर, सिमेन्टरोड हुँदै हेटौंडा-९ स्थित जेसीआई हेटौंडाको सचिवालयमा आएर जात्रा समापन गरिएको थियो । जात्रामा सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको छ । २०७४ सालबाट जात्राको आयोजना गर्न सुरु गरेपनि कोरोना महामारीका कारण साइकल जात्रा निरन्तर सकेको थिएन।

जेसीआई हेटौँडाका अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षमा तथा नेपाली काँग्रेस बागमती प्रदेशका सभापति इन्द्र बानियाँको प्रमुख आतिथ्यमा जात्राको उद्घाटन भएको हो। उद्घाटन समारोहमा जेसीआई हेटौँडाका पूर्व अध्यक्षहरुको उपस्थिति रहेको थियो।

# भीमफेदीमा नेपाल टेलिकमको सेवा विस्तार

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिकाको विकट वडाका गाउँमा नेपाल टेलिकमको सेवा विस्तार भएको छ । शुक्रबार भीमफेदी-३, ओखरेबाट टेलिकमले सेवा विस्तार गरेको गाउँपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिनुभयो।

पालिकाको वडा नम्बर ३ स्थित इक्चुङ लगायतका बस्तिहरुमा मोबाइल फोनको टावर नटिप्ने समस्या भएपछि उक्त समस्या समाधान गर्न गाउँपालिका र नेपाल टेलिकम बीच २०७८ मंसिरमा दुईपक्षीय सम्झौता भएको थियो । गाउँपालिका र दुरसञ्चार संस्था हेटौंडा बीच २०७८ मै टावर राख्ने जग्गा सम्झौता भएपनि प्राविधिक समस्याका कारण सेवा प्रवाहमा ढिलाई भएको अध्यक्ष लामाले बताउनुभयो। सेवा विस्तारसँगै मकवानपुर गढीको वडा नम्ब ८ का ओखरे, बोखर क्षेत्रमा पनि टावर नटिप्ने समस्या हटेको उहाँले बताउनुभयो । उहाँका अनुसार अझै पनि पालिकाभित्रका वडा नम्बर ९ स्थित बर्देउ क्षेत्र, वडा नम्बर १ स्थित पसेरी झोर क्षेत्र र ८ नम्बरस्थित महवीर, धार्के क्षेत्रमा सञ्चारको समस्यामा छ। उक्त स्थानहरुको सञ्चार समस्यालाई समाधान गर्न नेपाल टेलिकमसँग छलफल गरिरहेको अध्यक्ष लामाको भनाई छ।

नेपाल टेलिकमले राखेको टावरको उद्घाटन कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एवम् पूर्वमन्त्री कुमारी मोक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको समेत उपस्थिति रहेको थियो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
बागमती प्रदेश, हेटौडा, मकवानपुर

हलुका सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०५/१६

यस आयोजना कार्यालयलाई आ.व. २०८१/०८२ बागमती प्रदेशमा सञ्चालित विभिन्न आयोजनाहरुको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्नका लागि पहाडी र कच्ची सडकमा उपयुक्त हुने, 4WD, 5 Doors and 7 Seater SUV थान एक (१) हलुका सवारी साधन मासिक रूपमा भाडामा लिनुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीहरु सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ। प्रस्ताव सम्बन्धी थप कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नं ०५७-५९०६५९ मा सम्पर्क राखि बुझ्न सकिनेछ।

| कामको विवरण | प्रस्ताव फाराम खरिद गर्ने अन्तिम मिति, समय र स्थान | प्रस्ताव फाराम दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | प्रस्ताव खोल्ने मिति, समय र स्थान | प्रस्ताव फाराम दस्तुर रु |
|---|---|---|---|---|
| हलुका सवारी साधन भाडामा लिने कार्य | २०८१/०५/३० गते कार्यालय समयभित्र | २०८१/०५/३१ गते दिनको १२:०० बजे, आयोजना कार्यालय, हेटौडा | २०८१/०५/३१ गते १३:०० बजे, आयोजना कार्यालय, हेटौडा | १,०००/- |

कार्यालय प्रमुख




हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

Admission Open !!!

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ